# बैठक नं. ७

आज मिति २०७७ पौष ०७ गते मंगलवार दिनको १२:३० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख | |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख | |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ | |
| सदस्य - श्री देवेन्द्र कुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ | |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ | |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ | |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ | |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ | |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ | |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ | |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ | |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० | |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ | |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ | |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ | |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ | |
| सदस्य - श्री सीता तिमिल्सिना | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री बिन्दु तामाङ | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मीठु परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मैया के.सी. (खत्री) | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य - श्री सरोज दनुवार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य सचिव - श्री वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

**एजेण्डाः**

१. फोहरमैला व्यवस्थापन सम्बन्धमा ।

२. गोदावरी विश्वविद्यालय सम्बन्धमा ।

३. विविध ।

**निर्णय नं. १ फोहरमैला व्यवस्थापन सम्बन्धमाः** छलफल हुँदा आजको कार्यपालिका बैठकमा प्रस्तुत भएको यस नगरपालिका क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनको लागि सार्वजनिक निजी साझेदारी तवरमा सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २ गोदावरी विश्वविद्यालय सञ्चालन सम्बन्धमाः** छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्ने गरी प्रस्ताव पेश हुन आएको गोदावरी सामुदायिक विश्वविद्यालयको लागि प्रस्तावकहरुसँग सञ्चालन तथा व्यवस्थापन सम्बन्धी थप छलफल एवं स्पष्ट प्रस्ताव माग गरी कार्य अगाडि बढाउन नीतिगत सहमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ विविधः**

३.१. यस नगरपालिकाको सहकारी ऐन अन्तर्गत सहकारी संस्थाको व्यवस्थापन र नियमन गर्न बनेको सहकारी नियमावली २०७७ लाई पारित गर्ने निर्णय गरियो ।

३.२. यस गोदावरी नगरपालिका वडा नं. २ बिशंखुनारायणमा निर्माण हुने प्राविधिक शिक्षालयको लागि Environment & Engineering Research Center Ptv.Ltd, Kathmanduले तयार गरी पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अध्ययनको कार्यसूची (TOR) स्वीकृत गर्ने निर्णय गरियो ।

३.३. यस गोदावरी नगरपालिकाको नगरसभाबाट स्वीकृत कार्यविधि अनुसार कागज प्रमाण पुऱ्याई 'घ' वर्गको इजाजत पाउँ भनी पेश भएका तपसिलका निर्माण व्यवसायहरू आवश्यक कागजात एवं योग्यता सहित सम्बन्धित समितिबाट समेत सफिरिस भई आएकोले 'घ' वर्गको निर्माण व्यवसाय इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिलः</u>

१. गरिमा निर्माण सेवा, गोदावरी नगरपालिका वडा नं. १२, सञ्चालक गीता कुमारी तिवारी ।
२. पि.टि.सि.टि कन्स्ट्रक्सन प्रा.लि, गोदावरी नगरपालिका वडा नं. १२, प्रोप्राइटर प्रेमबहादुर मोक्तान ।
३. शिवगढी एन.आई.पि. निर्माण सेवा, गोदावरी नगरपालिका वडा नं. ८, प्रोप्राइटर ईश्वरबहादुर खत्री ।
४. आर.बि.आर. निर्माण सेवा, गोदावरी नगरपालिका वडा नं. ५, प्रोप्राइटर रामबहादुर दर्जी
५. बि.एण्ड बि. कन्ट्रक्सन, गोदावरी नगरपालिका वडा नं. १२, प्रोप्राइटर वीरेन्द्र पन्थी
६. रक्तकाली निर्माण सेवा, गोदावरी नगरपालिका वडा नं.१०, प्रोप्राइटर दिवाकर थपा र रोशनराज थापा
७. बालाजी निर्माण सेवा, गोदावरी नगरपालिका वडा नं. १० प्रोप्राइटर राजु कोरी
८. कालभैरव निर्माण सेवा, गोदावरी नगरपालिका वडा नं. ११, प्रोप्राइटर मिनकृष्ण महर्जन ।

३.४. यस गोदावरी नगरपालिकाको वडा नं. १४ बाडेगाउँ स्थित महानगरीय प्रहरी प्रभाग बाडेगाउँ ललितपुरले शान्ती सुरक्षाको प्रत्याभुती तथा अमनचयन कायम राख्दै आएकोमा हाल उक्त प्रहरी प्रभागमा रहेको बा.१झ.७३२१ नम्बरको टाटा टेल गाडी मर्मत गर्न अत्यावश्यक भएकोले मर्मत गरी मर्मतकर्ता एलिनाज अटोमोवाइल्स प्रा.लि.ले पेश गरेको रू.८८,०८३/- (अक्षरुपी अठासी हजार त्रियासी रूपैयाँ) बिल भुक्तानी गर्न प्रहरी प्रभाग कार्यालयलाई रकम अपुग भएको भनी नगरपालिका कार्यालयबाट सहयोग रकम माग भई आएकोले गोदावरी नगरपलालिको आर्थिक वर्ष २०७७/०७८ को बजेट संकेत नं. १९ खर्च शीर्षक नं. २२२२१ क्र.सं. १७ मेशिनरी तथा औजार मर्मत सम्भार

तथा सञ्चालन खर्च उपशीर्षकबाट माग भएको रकम रू.८८,०८३/- सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

३.५ नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरवार, काठमाडौंबाट विशेष तथा समपूरक अनुदानका योजनाहरू छनौट गरी पठाउन माग भए बमोजिम स्थानीय तहमा समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि अनुसार यस गोदावरी नगरपालिकाबाट आ.व.०७८।७९को लागी देहायका योजनाहरू छनौट गरी राष्ट्रिय योजना आयोग समक्ष माग गरी पठाउने निर्णय गरियो ।

**<u>तपसिलः</u>**

| केन्द्रीय विशेष अनुदान | | | | |
|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | कुल लागत इष्टिमेट रू. (हजारमा) | आ.ब. ०७८।७९ मा माग गर्ने बजेट रू. ( हजारमा) | कैफियत |
| १ | लेले (महादेव खोला) खानेपानी आयोजना, गोदावरी न.पा. वडा नं ५ | १५०००० | ५००० | |
| २ | ठेचो हेल्थपोष्ट, गोदावरी न.पा.वडा नं.१२ | १०००० | ५००० | |
| ३ | देवीस्थान खाल्टे मुलखानेपानीआयोजना, गोदावरी न.पा. वडा नं. २ | ४०००० | २०००० | |
| ४ | लेले टिकाभैरव स्वास्थ्यचौकीभवननिर्माण, गोदावरी न. पा वडा नं. ६ | २०००० | १०००० | |
| | जम्मा रकम रू. | २२०००० | ८५००० | |

| केन्द्रीय समपूरक अनुदान | | | | |
|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | कुललागत इष्टिमेट रू. (हजारमा) | आ.ब. ०७८।७९ मा माग गर्ने बजेट रू. ( हजारमा) | आ.ब. ०७८।७९मा नगरपालिकाले व्यहोर्ने बजेट रू. ( हजारमा) |
| १ | प्राविधिक शिक्षालय निर्माण गोदावरी २ विशंखुनारायण | १००००० | २०००० | २०००० |
| २ | वडा कार्यालय भवन निर्माण गोदावरी न.पा. वडा नं ९ | २५००० | ७५०० | ७५०० |
| ३ | वडाकार्यालय भवन निर्माण गोदावरी नगरपालिका वडा नं १० | २५००० | ७५०० | ७५०० |
| ४ | नयाँ बाटो हुदै डल्फिन स्कुल जाने बाटोमा पुल निर्माण | ३०००० | १५००० | १५००० |
| ५ | नख्खु खोला पुल निर्माण | ५०००० | ७५००० | ७५००० |
| | जम्मा रकम रू. | २३०००० | ७५००० | ७५००० |